पालुङ्टार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
पालुङ्टार, गोरखा
गण्डकी प्रदेश, नेपाल

पत्र संख्या : २०८३/०८४
च.नं.:

मिति : २०८३/०७/१२
ने.स. : ११४६, कौलागा, चतुर्थी, बिहिवार

सूचना। सूचना।। सूचना।।।

विषय : लेखापरीक्षणका लागि निवेदन पेश गर्ने सम्बन्धमा।

यस नगरपालिकाको नगर शिक्षा समितिको मिति २०८३/०७/१२ गतेको निर्णय अनुसार यस नगरपालिकाको सेवा क्षेत्रभित्र सञ्चालित सामुदायिक विद्यालहरुको आर्थिक वर्ष २०८२/८३ को सम्पूर्ण आय-व्यय साथै अन्य विविध शैक्षिक तथा भौतिक पक्षको अन्तिम लेखा परीक्षण गर्नुपर्ने भएकोले तपसिलमा उल्लेखित शर्तहरु पूरा गरेका र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (The Institute of Chartered Accountants of Nepal) मा आ.व. २०८३/०८४ मा सूचीकृत भएका इच्छुक दर्तावाल लेखा परीक्षकहरुले मिति २०८३ मंसिर ४ गते सम्म स्वयम् उपस्थित भई तोकिएको राजस्व दस्तुर तिरेको सक्कल भौचर संलग्न राखी शिक्षा, युवा तथा खेलकुद शाखामा देहायका आवश्यक कागजात सहित निवेदन दिनुहुन सूचित गरिन्छ।

तपसिल (पेश गर्नुपर्ने आवश्यक कागजातहरु)

१. दर्तावाल लेखा परीक्षकको आर्थिक वर्ष २०८३/८४ को लागि फर्म नवीकरण गरेको प्रमाणपत्रको छायाँप्रति।

२. स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपी।

३. लेखा व्यवसायी फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी।

४. नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको सदस्यता लिएको प्रमाणपत्रको प्रतिलिपी ।

५. आर्थिक वर्ष २०८२/८३ मा आयकर नियमावली २०५९ को नियम २६ बमोजिम कर चुक्ता गरेको प्रमाण पत्र ।

६. नगरपालिकाको राजस्व शाखामा रु १५००।- (एकहजार पाँचसय रुपैयाँमात्र) राजस्व तिरेको भौचर।

७. सम्बन्धित फर्म कालोसूचीमा नपरेको भन्ने सम्बन्धमा स्वघोषणा पत्र।

२०८३।०७।१२

माधव पोखरेल
शाखा अधिकृत

बोधार्थ : श्री सूचना प्रविधि शाखा – सूचना नगरपालिकाको Website मा अपलोड गरिदिनुहुन।



Scanned with CamScanner